बागमती प्रदेश

अर्थ बुलेटिन

वर्ष-१, अंक-३, आर्थिक वर्ष २०८३/८४ असोज,

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय



प्रमुख आर्थिक झलक

- आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्म बागमती प्रदेश सरकारको कुल खर्च वार्षिक विनियोजनको ६.६९ प्रतिशत अर्थात रू. ४ अर्ब ४७ करोड ७६ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रू. १ अर्ब ९४ करोड १९ लाख र पुँजीगत खर्च रू. १ अर्ब ३४ करोड ९९ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको असोज महिनासम्म प्रदेश सरकारको कुल खर्च रू. ४ अर्ब १७ करोड ९१ लाख भएको थियो।

- आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४९.२४ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ४० करोड ९३ लाख पुगेको छ, जुन वार्षिक अनुमानको १७.०५ प्रतिशत हो। समीक्षा अवधिसम्म राजश्व बाँडफाँटबाट रू. ६ अर्ब ०५ करोड ५२ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट १ अर्ब ३२ करोड ६० लाख र अन्य आयबाट रू. ३ करोड २९ लाख प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको असोज महिनासम्म प्रदेश सरकारको कुल रू. ७ अर्ब ६४ करोड ५१ लाख आय प्राप्त भएको थियो।

- २०८३ असोज महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ६.२५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.१३ प्रतिशत रहेको थियो।

प्रकाशन तथा सम्पादन
आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

बागमती प्रदेशको वर्तमान आर्थिक परिदृश्य

प्रदेश सरकारको खर्च

१. आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्म बागमती प्रदेश सरकारको जम्मा रू. ४ अर्ब ४७ करोड ७६ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रू. १ अर्ब ९४ करोड १९ लाख र पुँजीगत खर्च रू. १ अर्ब ३४ करोड ९९ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको असोज महिनासम्म प्रदेश सरकारको कुल खर्च रू. ४ अर्ब १७ करोड ९१ लाख भएको थियो।

तालिका (क): पछिल्लो ३ आर्थिक वर्षको असोज महिनासम्मको खर्च स्थिति (रू. करोडमा)

खर्च शीर्षक	२०८१/८२ असोज	२०८२/८३ असोज	२०८३/८४ असोज
चालु	१५०.५६	१४४.९६	१९४.१९
पूँजीगत	१०६.४०	११८.८५	१३४.९९
स्थानीय तह अनुदान	१८७.०५	१५४.०९	११८.५८
जम्मा खर्च	**४४०.०१**	**४१७.९१**	**४४७.७६**

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

२. आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्म बागमती प्रदेश सरकारको कुल खर्च वार्षिक विनियोजनको ६.६९ प्रतिशत भएको छ, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१४ प्रतिशतले बढी हो। आर्थिक वर्ष २०८२/८३ असोज महिनासम्म भने यस्तो खर्च विनियोजनको ६.१९ प्रतिशत भएको थियो। चालु आर्थिक वर्षको असोज महिनासम्ममा चालुतर्फ विनियोजनको १२.१० प्रतिशत र पुँजीगततर्फ विनियोजनको ३.०७ प्रतिशत खर्च भएको छ। स्थानीय तह अनुदानतर्फ (चालु) रू. १७ करोड १५ लाख प्रदेशभित्रका स्थानीय तहलाई हस्तान्तरण गरिएको छ।

तालिका (ख): पछिल्ला २ आर्थिक वर्षको असोज महिनासम्मको खर्चको तुलना

खर्च शीर्षक	२०८२/८३ असोज		२०८३/८४ असोज		
	खर्च रकम (रू. करोडमा	विनियोजनको तुलनामा खर्च प्रतिशत	खर्च रकम (रू. करोडमा)	विनियोजनको तुलनामा खर्च प्रतिशत	२०८२/८३ को तुलनामा खर्च वृद्धि प्रतिशत
चालु	१४४.९६	८.३४	१९४.१९	१२.१०	३३.९६
पुँजीगत	११८.८५	२.८७	१३४.९९	३.०७	१३.५८
स्थानीय तह अनुदान	१५४.०९	१७.८०	११८.५८	१७.१५	-२३.०४
जम्मा खर्च	**४१७.९१**	**६.१९**	**४४७.७६**	**६.६९**	**७.१४**

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

इमेल: arthikvislesana.moeap@bagamati.gov.np फोन नं.: ०५७-५२७५१८

३. चालु आर्थिक वर्षको असोज मसान्तसम्म प्रदेश सरकारको खर्च वार्षिक विनियोजनको ६.६९ प्रतिशत अर्थात् रू. ४ अर्ब ४७ करोड ७६ लाख भएको भएको छ। भाद्र महिनासम्म भने रू. ६० करोड १७ लाख खर्च भएको थियो।

तालिका (ग): चालु आर्थिक वर्षको प्रथम ३ महिनाको खर्च स्थिति

खर्च	वार्षिक विनियोजन (रू. करोडमा)	२०८३ श्रावण		२०८३ भाद्र		२०८३ असोज	
		खर्च रकम (रू. करोडमा)	खर्च प्रतिशत	खर्च रकम (रू. करोडमा)	खर्च प्रतिशत	खर्च रकम (रू. करोडमा)	खर्च प्रतिशत
चालु	१६०४.६२	०.००	०.००	३५.९५	२.२४	१९४.१९	१२.१०
पुँजीगत	४३९७.१४	०.००	०.००	२३.०१	०.५२	१३४.९९	३.०७
स्थानीय तह अनुदान	६९१.५७	०.००	०.००	१.२१	०.१८	११८.५८	१७.१५
जम्मा	**६६९३.३३**	**०.००**	**०.००**	**६०.१७**	**०.९०**	**४४७.७६**	**६.६९**

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

प्रदेश सरकारको आय

४. आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४९.२४ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ४० करोड ९३ लाख पुगेको छ, जुन वार्षिक अनुमानको १७.०५ प्रतिशत हो। समीक्षा अवधिसम्म राजश्व बाँडफाँटबाट रू. ६ अर्ब ०५ करोड ५२ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट १ अर्ब ३२ करोड ६० लाख र अन्य आयबाट रू. ३ करोड २९ लाख प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्म राजश्व बाँडफाँटबाट रू. ४ अर्ब ३८ करोड ८३ लाख, प्रदेश सरकारको आन्तरिक स्रोत बाट रू. ८७ करोड ८ लाख र अन्य आय रू. ४ करोड ६० लाख गरी प्रदेश सरकारलाई कुल रू. ७ अर्ब ६४ करोड ५१ लाख आय प्राप्त भएको थियो।

तालिका (घ): प्रदेश सरकारको वार्षिक अनुमान र असोज महिनासम्मको आयको तुलना

आय शीर्षक	आर्थिक वर्ष २०८३/८४ को वार्षिक अनुमान (रू. करोडमा)	असोज महिनासम्मको प्राप्ति (रू. करोडमा)		२०८३/८४ को अनुमानको तुलनामा प्राप्ति प्रतिशत	२०८२/८३ को तुलनामा प्रतिशत परिवर्तन
		२०८२/८३	२०८३/८४		
बाँडफाँटबाट प्राप्त राजश्व	३२६३.७६	४३८.८३	६०५.५२	१८.५५	३७.९९
प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजश्व	५२५.३०	८७.०८	१३२.६०	२५.२४	५२.२७
संघीय अनुदान	१५३१.४८	२३३.९९	३९९.५२	२६.०९	७०.७४
नगद मौज्दात तथा अन्य	१३७२.७९	४.६०	३.२९	०.२४	-२८.४८
जम्मा	**६६९३.३३**	**७६४.५१**	**११४०.९३**	**१७.०५**	**४९.२४**

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

५. आर्थिक वर्ष २०८३/८४ भाद्र महिनासम्म वार्षिक अनुमानको ४.५५ प्रतिशत अर्थात अर्थात् रू. ३ अर्ब ४ करोड प्राप्त भएको थियो भने असोज महिनासम्म वार्षिक अनुमानको १७.०५ प्रतिशत अर्थात् रू.११ अर्ब ४० करोड प्राप्त भएको छ।

तालिका (ङ): चालु आर्थिक वर्षको प्रथम ३ महिनाको आय प्राप्ति

खर्च	वार्षिक अनुमान (रू. करोडमा)	२०८३ श्रावण		२०८३ भाद्र		२०८३ असोज	
		प्राप्ति (रू. करोडमा)	प्राप्त प्रतिशत	प्राप्ति (रू. करोडमा)	प्राप्त प्रतिशत	प्राप्ति (रू. करोडमा)	प्राप्त प्रतिशत
बाँडफाँटबाट प्राप्त राजश्व	३२६३.७६	६०.१६	१.८४	२३१.११	७.०८	६०५.५२	१८.५५
प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजश्व	५२५.३०	२६.६०	९.०६	७२.३४	१३.७७	१३२.६०	२५.२४
संघीय अनुदान	१५३१.४८	०.००	-	०.००	०.००	३९९.५२	२६.०९
नगद मौज्दात तथा अन्य	१३७२.७९	०.३२	०.०२	१.२५	०.०९	३.२९	०.२४
जम्मा	**६६९३.३३**	**८७.०८**	**१.३०**	**३०४.७**	**४.५५**	**११४०.९३**	**१७.०५**

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

प्रदेशगत मुद्रास्फीति

६. चालु आर्थिक वर्षको शुरुवातीदेखि नै महँगीको चाप केही बढेको देखिन्छ। २०८३ असोज महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ६.२५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.१३ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा प्रदेशगत आधारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी मधेश प्रदेशको ७.३७ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ५.१३ प्रतिशत रहेको छ।

तालिका (च): वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)

प्रदेश	२०८२ असोज	२०८३ असोज
कोशी	२.३३	६.९१
मधेश	१.२०	७.३७
बागमती	१.१३	६.२५
गण्डकी	१.१६	६.३३
लुम्बिनी	१.८९	५.९८
कर्णाली	१.९१	५.२४
सुदूरपश्चिम	०.६९	५.१३
समग्र मुद्रास्फीति (राष्ट्रिय)	**१.४७**	**६.३७**

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

७. भाद्र महिनामा मुलुकको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत रहेकोमा असोज महिनामा यस्तो मुद्रास्फीति ६.३७ प्रतिशत पुगेको छ। भाद्र महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.७७ प्रतिशत रहेकोमा असोज महिनामा यस्तो मुद्रास्फीति ६.२५ प्रतिशत पुगेको छ।

तालिका (छ): चालु आर्थिक वर्षको प्रथम ३ महिनाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति
(प्रतिशत)

प्रदेश	२०८३ श्रावण	२०८३ भाद्र	२०८३ असोज
कोशी	६.८४	७.०७	६.९१
मधेश	६.९४	७.८४	७.३७
बागमती	५.२९	५.७७	६.२५
गण्डकी	५.८३	६.०५	६.३३
लुम्बिनी	६.२१	६.५७	५.९८
कर्णाली	५.५९	५.५८	५.२४
सुदूरपश्चिम	४.६१	५.१६	५.१३
समग्र मुद्रास्फीति (राष्ट्रिय)	**५.९६**	**६.३४**	**६.३७**

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३